# मेचीनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, ईटाभट्टा

झापा जिल्ला, प्रदेश नं. १, नेपाल

## Mechinagar Municipality

Office of the Municipal Executive, Itabhatta Jhapa District,

Province No. 1, Nepal

प. सं. : २०७६।०७७ ( स्वास्थ्य शाखा )

च. नं. : २८१५

मिति : २०७६।११।२१

विषय : कोरोना भाइरसको स्क्रिनिङ्ग लगायतको व्यवस्थापन सम्बन्धमा ।

श्री मेची भन्सार कार्यालय, काँकरभिट्टा, झापा ।

श्री इलाका प्रहरी कार्यालय, काँकरभिट्टा, झापा ।

श्री सशस्त्र प्रहरी बल, भन्सार गस्ती गुल्म, काँकरभिट्टा गुल्म, झापा ।

प्रस्तुत विषयमा चीनमा कोरोना भाइरसको संक्रमणको खबर सञ्चार माध्यमहरुमा आउनसाथ झापा जिल्लाका श्रीमान् प्रमुख जिल्ला अधिकारी श्री उदयबहादुर रानाज्यूको नेतृत्व र निर्देशनमा नेपाल भारत सिमानामा रहेको पूर्वी नाका काँकरभिट्टामा मिति २०७६।१०।१५ गतेदेखि यस कार्यालयबाट व्यवस्थापन गरिएको कोरोना भाइरस परामर्श केन्द्र ( Corona Virus Screening Help Desk ) सञ्चालन भइरहेको र सो परामर्श केन्द्रको स्थलगत अनुगमनको सन्दर्भमा मेची भन्सार कार्यालयका प्रमुखज्यूको कार्यकक्षमा मिति २०७६।११।२० गतेका दिन यस नगरपालिकाका श्रीमान् प्रमुखज्यू, श्रीमान् उपप्रमुखज्यू, स्वास्थ्य सेवा विभाग, चिकित्सा महाशाखाका डा. नरेन्द्र खनाल लगायत तहाँको समेत उपस्थितिमा उल्लिखित Corona Virus Screening कार्यलाई अझ प्रभावकारी तवरले सम्पादन गरी विश्वव्यापी महामारीको रुपमा फैलिइरहेको भाइरस नियन्त्रणको कार्यलाई आफ्नो क्षेत्रबाट योगदान दिने सन्दर्भमा बसेको बैठकबाट गरिएको निर्णय कार्यान्वयनमा सहयोगको लागि निर्णय प्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

.............................

( महेन्द्रकुमार खाम्याहाङ्ग )

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री स्वास्थ्य सेवा विभाग,
चिकित्सा महाशाखा, टेकू काठमाडौं ।

श्री जिल्ला प्रशासन कार्यालय, झापा : आवश्यक सहजीकरणको लागि अनुरोध छ ।

श्रीमान् प्रमुखज्यू, मेचीनगर नगर कार्यपालिका, झापा ।

श्रीमान् उपप्रमुखज्यू, मेचीनगर नगर कार्यपालिका, झापा ।

श्री आर्थिक प्रशासन शाखा, मेचीनगर नगर कार्यपालिकाको कार्यालय, झापा ।

मिति:२०७६।११।२०

आज मिति २०७६।११।२० गतेका दिन मेचीनगर नगरपालिकाका नगर प्रमुख श्री विमल आचार्यज्यूको अध्यक्षतामा उपप्रमुखज्यूलगायत देहायका महानुभावहरुको उपस्थितिमा कोरोना भाइरसको परामर्श तथा पूर्व परीक्षणको सम्बन्धमा छलफल तथा स्वास्थ्य सेवा विभागबाट आउनुभएका डा.नरेन्द्रकुमार खनालज्यूबाट Orientation गरियो ।

उपस्थिति:

१. प्रमुख श्री विमल आचार्य, दस्तखत

२. उपप्रमुख श्री मीना पोखेल उप्रेती दस्तखत

३. भन्सार प्रमुख श्री ध्रुवराज विश्वकर्मा दस्तखत

४. डा. नरेन्द्रकुमार खनाल दस्तखत

५. मे.ल्या.टे.निरिक्षक त्रिभुवन प्रसाद साह (NPHL) दस्तखत

६. सुशील आचार्य (नगर अध्यक्ष राप्रापा) दस्तखत

७. शशिकला राई, स्वास्थ्य संयोजक दस्तखत

८. इश्वरीप्रसाद पौडेल, नि.प्रमुख स्वा. का. झापा दस्तखत

९. उत्सव पोखेल इनरुवा, अस्पताल दस्तखत

१०. हर्कमाया विश्वकर्मा, बिर्तामोड नगरपालिका दस्तखत

११. पर्वत पोर्तेल, मेचीनगर - ६ दस्तखत

१२. प्र.प्र.अ. महेन्द्रकुमार खाम्याहाङ्ग, मे.न.पा. दस्तखत

१३. जन स्वा.नि. ताल वहादुर खड्का दस्तखत

१४. लक्ष्मी उप्रेती, प्रेस संयोजक मे.न.पा. दस्तखत

१५. पूजा महतो, हे.अ. काकरभिट्टा हे.पो. दस्तखत

१६. प्रहरी निरिक्षक भुवन वावु खड्का इ.प्र.का. काकरभिट्टा दस्तखत

१७. सशस्त्र प्रहरी निरिक्षक दिव्यराज कोइराला, स.प्र.बल नं. ८ गुल्म काकरभिट्टा दस्तखत

१८. राम कुमार चौधरी दस्तखत

मेचीनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय इटाभट्टा, झापा जिल्ला १ नं. प्रदेश, नेपाल वि.सं. २०७३

प्रतिलिपि

महेन्द्रकुमार खाम्याहाङ्ग
प्रमुख प्रशासकीय अधिकृत

**बनिर्णय नं. १.** कोरोना भाइरसको असर र यसवाट राष्ट्रियस्तर र अन्तराष्ट्रियस्तरमा पर्न सक्ने जनधन माथिको असरको बारेमा स्वास्थ्य सेवा विभागवाट आउनु भएका डा. नरेन्द्रकुमार खनाल र मेडिकल ल्याव टेक्निसियन नि. श्री त्रिभुवन प्रसाद साहबाट बैठकमा संक्षिप्त रुपमा जानकारी गराइयो । उल्लिखित

जानकारीबाट बैठकको अध्यक्षता गरिरहनुभएको प्रमुखज्यू र उपप्रमुखज्यूबाट व्यवस्थापन गर्न प्रतिवद्धता जनाइए अनुसार देहायानुसार व्यवस्थापन गर्न सहमति गरियो ।

<u>तपसिल</u>

१. हालको Corona screening help desk तुलनात्मक रुपमा अन्यत्रको भन्दा राम्ररी सञ्चालन भएको पाइएता पनि नियमित स्वास्थ्यकर्मी (स्थायी कर्मचारी) बाट भन्दा नेपाल सरकारबाट मेचीनगर नगरपालिकामा चालु आ.व.२०७६।०७७ मा प्राप्त IHR को बजेटबाट ३ जना सम्म Lab वा ANM वा AHW तर्फका दैनिक ज्यालादारी कर्मचारी नगरकार्यपालिकाको कार्यालयबाट MR : Master roll भराई व्यवस्थापन गरी अन्य आवश्यक उपकरण समेत व्यवस्थापन गर्ने परामर्श कार्यालयलाइ दिने ।

२. भारतबाट नेपाल तर्फ आउने आगन्तुकलाई नेपाल प्रहरी, सशस्त्र प्रहरी बल लगायत जनप्रतिनिधि, सञ्चारकर्मी, राष्ट्र सेवा लगायत कोरोना भाइरस परामर्श केन्द्रमा परामर्शको लागि सम्पर्क गर्न सहजीकरण गर्ने ।

३. भारतबाट नेपाल प्रवेश गर्ने ठूलठूला कन्टेनर र लरी गाडी तथा ट्रकका चालक लगायतका यात्रु र कर्मचारी सबैलाई कोरोना भाइरस परामर्श केन्द्रमा Screening को लागि भन्सार प्रमुखज्यू श्री ध्रुवराज विश्वकर्मा मार्फत् भन्सार एजेण्ट र भन्सार कर्मचारीहरुलाई सहजीकरण गराउने साथै नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका स्थानीय कार्यालयबाट सहजीकरण गर्ने । यसरी प्रारम्भिक Screening भएपछि परामर्श केन्द्रले Screening done भनेर कुपन उपलब्ध गराएको प्रमाण मे.न.पा. ७, जोरसिमलमा रहेको सशस्त्र प्रहरी बल भन्सार गस्तीगुल्मको भन्सार गस्ती विटमा देखाएपछि मात्र त्यस्तो चालकलाई गाडी गन्तव्यसम्म लैजान अनुमति दिने व्यवस्था गर्ने ।

४. मेचीनगर नगरपालिकाबाट व्यवस्थापन गरिएको काकरभिट्टाको कोरोना भाइरस परामर्श केन्द्रमा प्रारम्भिक Screening गर्दा Virus संक्रमित भएको शंकास्पद विरामी फेला परेमा तत्काल मेचीनगर नगरपालिकाको स्वा. शाखा प्रमुखलाई परामर्श केन्द्रका कर्मचारीले जानकारी गराउने र त्यस्तो शंकास्पद विरामीलाई तुरुन्तै मेची अञ्चल अस्पतालमा पुऱ्याउने व्यवस्था मेचीनगर नगरपालिकाको कार्यालयले गर्नुपर्ने ।

५. उल्लिखित सम्पूर्ण कार्यको व्यवस्थापन र सेवा प्रवाह कार्य दुरुस्त हुने कार्यमा नेतृत्व र सहजीकरणको लागि जिल्ला विपद व्यवस्थापन समितिका अध्यक्ष झापा जिल्लाका श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूलाई अनुरोध गर्ने तथा Corona Virus सम्वन्धी आधिकारिक जानकारी दिने कार्यको लागि मेचीनगर नगर कार्यपालिकाको कार्यालय, स्वास्थ्य शाखा प्रमुखलाई Focal person तोक्ने ।

**<u>निर्णय नं. २.</u>** कोरोना भाइरसको महामारीलाई कम गराउन सीमावर्ति नाकामा जनचेतनामूलक होर्डिङ्ग वोर्ड, पम्पलेट, पर्चा आदि वितरणलाई व्यापक तवरले वितरण र व्यवस्थापन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ३.</u>** नेपाल भारत आवातजावत गर्ने नेपाली र भारतीय गाडिहरु एकापसमा नमिसाई सञ्चालन हुने गरी सम्बद्ध पक्षवाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा जिल्ला
१ नं. प्रदेश, नेपाल
वि.सं. २०७३

प्रतिलिपि

महेन्द्रकुमार खाम्याहाङ्
प्रमुख प्रशासकीय अधिकृत